# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको प्रभाव नेपालमा पनि कायम छ । त्यसको प्रभाव यस जिल्लामा समेत रहेको कारण लामो समयदेखि अदालतका कतिपय सेवाहरु संकुचन भएको अवस्था छ। सम्मानित सर्वोच्च अदालतबाट श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाइ गर्न सकिने गरी २०७८।२।१३ देखि निर्देशिका लागु गरेको सन्दर्भमा कतिपय सेवाहरु श्रव्यदृश्य संवाद मार्फत पनि सञ्चालन गर्न सकिने भएको छ । साथै काठमाडौं उपत्यका तथा यस जिल्लामा समेत निषेधाज्ञा केही खुकुलो भएको हुँदा यस अदालतको केही सेवा थप गर्ने सन्दर्भमा स्थानीय वारका पदाधिकारी, सरकारी वकील तथा कानून व्यवसायीहरुसँग भएको छलफल समेतका आधारमा मिति २०७८।०३।१३ गतेबाट लागु हुने गरी हाल संचालनमा रहेका सेवाहरुका अतिरिक्त देहायका सेवाहरु थप गरिने व्यहोरा यस अदालतको मिति २०७८।०३।११ गतेको पूर्ण बैंठकको निर्णयानुसार अनुरोध गर्दछु।

देहाय

१. फिरादपत्र दर्ता हुन आएमा एक दिनमा अधिकतम ३(तीन) वटा सम्म फिरादपत्र दर्ता गर्ने र प्रतिउत्तरपत्र दर्ता हुन आएमा प्रत्येक फाँटबाट एक दिनमा अधिकतम २/२ वटा सम्म दर्ता गर्ने ।

२. थुनुवा भएको मुद्दामा प्रमाण बुझ्ने आदेश गर्नु पर्ने अवस्था भएमा पेशी चढाई श्रव्य-दृश्य संवाद मार्फत सुनुवाइ गर्ने ।

३. कुनै मुद्दाको कुनै प्रतिवादी थुनामा रहेको र अन्य प्रतिवादी तारेखमा रहेको अवस्थामा तारेखमा रहेको पक्षले श्रव्य-दृश्य संवाद मार्फत सुनुवाइ गरी पाउँ भनी निवेदन दिएमा त्यस्ता मुद्दा समेत पेशी चढाई कारवाही गर्ने ।

४. मुद्दा फिर्ता, मिलापत्रका लागि परेका निवेदनहरु दर्ता गरी कारवाही गर्ने।

५. सम्पत्ति रोक्का गर्न वा यथास्थितिमा राख्नका लागि परेका निवेदनहरुमा कारवाही गर्ने।

६. सरकारवादी फौजदारी मुद्दामा विशेषज्ञ बुझ्ने आदेश भई विशेषज्ञको बकपत्र नभएको भए त्यस्ता मुद्दामा श्रव्य-दृश्य संवाद मार्फत विशेषज्ञको बकपत्र कार्य सम्पन्न गर्ने ।

७. अधिकृत वारेशनामा र दर्ताद्वारा विवाह गर्न चाहने पक्षहरुले पेश गरेका निवेदनमा कारवाही गर्ने ।

८. सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनमा हदम्याद, म्याद र तारेख नगुज्रने।

९. अन्य सेवाहरु पूर्व निर्णयनुसार संचालन हुने ।

१०. माथि उल्लेखित व्यवस्थाहरुको व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्बन गर्ने सम्बन्धमा अदालत प्रशासनले आवश्यक प्रबन्ध मिलाउने ।

२०७८।३।११

गोबिन्दप्रसाद घिमिरे

स्रेस्तेदार(उप-सचिव)